अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रुन्टीगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०७९/०८/१०

भाग-१

रुन्टीगढी गाउँपालिका

## रुन्टीगढी गाउँपालिका अनुगमन तथा मूल्याङ्कन कार्यविधि,२०७९

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०८/१०

**प्रस्तावना** : रुन्टीगढी गाउँपालिकाबाट सम्पादन हुने निर्माण, सेवा प्रवाह र अनुगमनसम्बन्धी कामकारबाहीलाई दीगो, वातावरणमैत्री, पारदर्शी, गुणस्तरीय र जनसहभागितामूलक बनाउन तथा सुशासन प्रर्वद्धन गरी अपेक्षित नतिजालाई सुनिश्चित गर्न गाउँपालिकाको नीति, कानुन, आवधिक तथा वार्षिक कार्यक्रमबमोजिम सञ्चालित योजना, आयोजना, परियोजनाको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने संस्थागत तथा कानुनी प्रबन्ध गर्न वान्छनीय भएकोले, गाउँ कार्यपालिकाबाट यो अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७९ स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१.सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "रुन्टीगढी गाउँपालिका अनुगमन तथा मूल्याङ्कन कार्यविधि २०७९" रहेको
छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

**२.परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) " अनुगमन संयन्त्र" भन्नाले अनुगमन तथा मूल्याङ्कन समिति, वडास्तरीय अनुगमन समिति, विषयगत तथा विभागीय अनुगमन तथा मूल्याङ्कन संयन्त्र सम्झनुपर्छ ।

(ख) " अनुगमन तथा सुपरीवेक्षण" भन्नाले योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरूमा लगानी तथा स्रोत / साधनको प्रवाह समुचित ढङ्गले भएको छ / छैन, कार्यतालिकाअनुसार क्रियाकलापहरू कार्यान्वयन भई तोकिएको समयभित्र अपेक्षित उपलब्धि हासिल भएको छ/छैन र सञ्चालित योजना वा क्रियाकलापहरू दीगो, वातावरणमैत्री र गुणस्तरीय रूपमा भएको छ/छैन भनी गाउँपालिकाले तोकिएको पदाधिकारी तथा कर्मचारीहरूद्वारा निरन्तर, आवधिक र आकस्मिक रूपमा निगरानी राख्ने कार्य सम्झनुपर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले रुन्टीगढी गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(घ) "एकाइ" भन्नाले रुन्टीगढी गाउँपालिकाको योजना, अनुगमन तथा मूल्याङ्कन एकाइ सम्झनुपर्छ ।

(ङ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(च) " कार्यपालिका" भन्नाले रुन्टीगढी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(छ) "गाउँसभा" भन्नाले रुन्टीगढी गाउँपालिकाको गाउँसभा सम्झनुपर्छ ।

(ज) "अध्यक्ष" भन्नाले रुन्टीगढी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले रुन्टीगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ

(ञ) "गाउँपालिका" भन्नाले रुन्टीगढी गाउँपालिका सम्झनुपर्छ ।

(ट) “मूल्याङ्कन” भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरू हालको समयमा के-कति सान्दर्भिक, लाभदायी, प्रभावकारी र वित्तीय अनुशासन कायम राखेका छन् तथा के कस्ता उपलब्धि एवं प्रभावहरू हासिल भएका छन् भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनुपर्छ।

(ठ) “विभाग” भन्नाले रुन्टीगढी गाउँपालिकाको सङ्गठन संरचनाअनुसार स्वीकृत विभागहरू सम्झनु पर्छ ।

(ड) " विशेष परिस्थिति” भन्नाले मानवीय काबुबाहिरका बाढी, पहिरो, आगजनी, भूकम्पजस्ता प्राकृतिक विपत्ति एवं सङ्कटजन्य परिस्थिति सम्झनुपर्छ ।

(ढ) “संयुक्त व्यवस्थापन” भन्नाले गाउँपालिका र अन्य गाउँ तथा निकायसँगको साझेदारी वा सहकार्यमा कार्यक्रम सञ्चालन गर्न गठित संयुक्त व्यवस्थापन सम्झनुपर्छ ।

**ण) “सम्झौता”** भन्नाले गाउँपालिकाको दायित्व र अधिकार क्षेत्रभित्र रही विकास निर्माणसँग सम्बन्धित कुनै पनि योजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न वा सेवा उपलब्ध गराउने वा दिने सम्बन्धमा ठेक्का, बोलपत्र वा दरभाउको माध्यमबाट वा प्रचलित कानुनबमोजिम गरिने गाउँपालिका र सेवाग्राही वा प्रदायकबिच हुने करारनामा (Contract) वा सम्झौता सम्झनुपर्छ ।

**(त) “स्थलगत अनुगमन”** भन्नाले अनुगमन तथा मूल्याङ्कन समिति वा गाउँपालिकाको अनुगमन संयन्त्रका कर्मचारीबाट हुने स्थलगत अनुगमन सम्झनुपर्छ ।

## परिच्छेद -२

## अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था

**३.अनुगमन तथा मूल्याङ्कनः** (१) गाउँपालिकाद्वारा सञ्चालन हुने योजनाहरूको निर्धारित गुणस्तर र समय सीमाको सुनिश्चितता कायम गर्न, सम्भावित जोखिमबाट भविष्यमा पर्न सक्ने प्रभावका बारेमा लेखाजोखा गरी समयमा नै क्षति न्युनीकरणमा पूर्वतयारी गर्न, विकास निर्माणसँग सम्बन्धित सबै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तव्यनिष्ठ बनाई आर्थिक अनुशासन कायम राखी सुशासन, पारदर्शीता तथा लागत प्रभावकारिता कायम गरी विकास निर्माणमा गुणस्तरियता कायम गर्ने प्रयोजनार्थ गाउँपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमलाई अधिकतम् नतिजामुखी बनाउन गाउँपालिकाले नियमित तथा आकस्मिक रूपमा अनुगमन गरी मूल्याङ्कन गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा मूल्याङ्कन गर्न गाउँपालिकामा देहायबमोजिमको एक अनुगमन तथा मूल्याङ्कन समिति रहने छ ।

(क) उपाध्यक्ष -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) अध्यक्षले तोकेको एक जना महिलासहित कार्यपालिका सदस्य दुई जना – सदस्य

(घ) प्राविधिक शाखा प्रमुख -सदस्य

(ङ) योजना शाखा हेर्ने कर्मचारी- सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिमा सम्वन्धित क्षेत्र हेर्ने प्राविधिक तथा विषय विज्ञलाई आमन्त्रण गर्न सक्ने छ ।

**४.अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :**

अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) गाउँ सभाबाट स्वीकृत भएको योजना / आयोजना / कार्यक्रमहरूको अनुगमन तथा सुपरीवेक्षण गर्न कार्ययोजना आवश्यक भएमा तयार गरी कार्यान्वियन गर्ने ।

(ख गाउँपालिकाबाट सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित, आकस्मिक वा आवधिक अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

(ग) विषयगत समिति, विभाग, वडा कार्यालय, एकाइ, कार्यक्रमसमेतबाट हुने अनुगमन सुपरीवेक्षण तथा मूल्याङ्कनको लागि आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्ने।

(घ) आयोजना तथा परियोजनाका लागि निर्धारित गुणस्तर वा मापदण्डअनुरूप कार्य भए/नभएको जाँच गर्ने कुनै लापरबाही वा बदनियत भए/नभएको सम्बन्धमा निर्धारित सूचकको आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ङ) अनुगमन तथा सुपरीवेक्षणको समय तालिका निर्धारण गर्ने तथा गोप्य रूपमा गरिने अनुगमन तथा सुपरीवेक्षणको विषयमा आवश्यक गोपनीयताको सुनिश्चितता कायम गर्ने/गराउने ।

(च) गाउँ सभा र कार्यपालिकाको निर्णय तथा निर्देशनबमोजिम सम्बन्धित उपभोक्ता समिति, निर्माण ब्यवसायी, परामर्शदाता, कर्मचारी वा सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्यक्ति वा सङ्घ संस्थालाई योजना कार्यान्वयनमा देखिएका त्रुटीहरूलाई सच्याउन, समय तथा गुणस्तर कायम गर्न, वित्तीय अनुशासन कायम गर्न तथा प्रचलित ऐन कानुनको पालना गर्न समय सीमा तोकेर आवश्यक निर्देशन दिने ।

(छ) कार्यपालिकाको निर्णयबमोजिम अनुगमन तथा सुपरीवेक्ष समितिले दिएको समय सीमासहितको निर्देशन समय सिमाभित्र पालन नगर्ने तथा अटेर गर्ने सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता, सेवाप्रदायक संस्था, कर्मचारी वा सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्यक्ति वा सङ्घ संस्थालाई कारबाही गर्नुपर्ने भएमा अध्यक्ष समक्ष पेस गर्ने ।

(ज) निर्धारित समय सीमा तथा गुणस्तर कायम गर्न सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता, कर्मचारी वा सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्यक्ति वा सङ्घ संस्थाको कार्य सम्पादन स्तर उच्च भएमा पुरस्कृत वा सम्मान गर्न गाउँपालिकामा सिफारिस गर्ने ।

झ) योजना, परियोजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरू उचित, विवेकपूर्ण तथा कानुनसम्मत ढङ्गले व्यवस्थापन गर्ने ।

(ञ) अनुगमन तथा सुपरीवेक्षणका क्रममा देखिएका सकारात्मक वा नकारात्मक पक्षहरूको विश्लेषण गर्ने/गराउने ।

(ट) विभागीय, वडास्तरीय र विषयगत समितिबाट हुने अनुगमनलाई बाधा नपुग्ने गरी दैनिक तथा आकस्मिक अनुगमन टोली गठन गर्न सक्ने ।

(ठ) तोकिएका अन्य कार्य गर्ने/गराउने।

**५.वडास्तरीय अनुगमन समिति** : (१) गाउँपालिकाबाट वडा क्षेत्रभित्र सञ्चालित विकास योजनाहरूको निरन्तर अनुगमन तथा मूल्याङ्कन वडा तहबाट हुने छ । साथै ३ लाख सम्मका योजनाहरुको अनुगमन वडास्तरवाट नै गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न प्रत्येक वडामा देहायबमोजिमको अनुगमन समिति रहने छ।

(क) वडा समितिले तोकेको नियमनसम्बन्धी कार्य हेर्ने वडा अध्यक्ष/सदस्य -संयोजक

(ख) वडामा कार्यरत प्राविधिक कर्मचारी -सदस्य

(ग) वडा समितिले तोकेको सम्बन्धित क्षेत्रको विज्ञ -सदस्य

(घ) वडा सचिवले तोकेको कर्मचारी -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको समितिमा सम्बन्धित क्षेत्र हेर्ने प्राविधिक तथा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**६.वडास्तरिय अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क). वडाभित्र सञ्चालन हुने योजनाहरूको अनुगमन गर्ने।

(ख) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूको कार्यको अनुगमन तथा नियमन गर्ने ।

(ग) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने ।

(घ) उपभोक्ता समिति वा खरिद प्रक्रियाबाट वडा क्षेत्रभित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरू सम्पन्न नभएसम्म कार्यान्वयनका विभिन्न चरणहरूमा स्थलगत रूपमा अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

(ङ) आयोजना सञ्चालनको क्रममा बाधा अवरोध आइपरेमा समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने, योजना तथा कार्यक्रमको सम्झौताबमोजिम कार्यतालिकाअनुसार कार्य भए/नभएको, कार्य स्थलमा सूचना पाटी राखे/नराखेको, गुणस्तरीय सामग्रीको प्रयोग भए/नभएको, वास्तविक लाभान्वित हुने उपभोक्ताहरू लाभान्वित भए/नभएको आदि विषयमा अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(च) वडा कार्यलयमा प्रत्येक महिनाको कम्तीमा १ पटक योजना तथा कार्यक्रम सञ्चालन गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी र सङ्घ संस्थाहरूको बैठक राखी योजना तथा कार्यक्रमहरूको प्रगतिका बारेमा समीक्षा गर्ने ।

(छ) योजना तथा कार्यक्रमको सम्झौता तथा कार्यतालिकाबमोजिम कार्य नभएको, कार्यस्थलमा सूचना पाटी नराखेको, गुणस्तरीय सामग्रीको प्रयोग नगरेको, वास्तविक लाभान्वित हुने उपभोक्ताहरू लाभान्वित नभएको पाइएमा निर्माणकर्तालाई सुधार गर्न निर्देशन दिने ।

ज वडा स्तरमा सम्पन्न भएका योजना तथा कायक्रमको सार्वजनीक परिक्षण गरी प्रतिवेदन पेस गर्ने ।

झ.वडा स्तरमा सञ्चालित आयोजना तथा परियोजना कार्यक्रमको सुरु गर्दा र पछिको फोटो, कार्यस्थलमा राखेको सूचना पाटी वा व्यानरको फोटो ठिक दुरुस्त भए/नभएको अनुगमन गर्ने ।

(ञ) आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, निर्माण सामग्रीको व्यवस्थापन, सेवामा वृद्धि गराउनुपर्ने अवस्थाको सुपरीवेक्षण गरी जानकारी लिने ।

(ट) निर्धारित समय सीमा तथा गुणस्तर कायम गर्न सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता वा सम्बन्धित योजना कार्यान्वयनको जिम्मा लिएको व्यक्ति वा सङ्घ संस्थाको कार्य सम्पादन स्तर उच्च भएमा पुरस्कृत वा सम्मान गर्न गाउँपालिकामा सिफारिस गर्ने ।

(ठ) वडा स्तरमा सञ्चालन भएको कुनै आयोजनामा विवाद उत्पन्न भई समाधान हुन नसकेमा गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन समितिमा प्रेषित गर्ने ।

(ड) तोकिएका अन्य कार्य गर्ने/गराउने।

**७.विषयगत समितिले अनुगमन गर्न सक्ने** : (१) कार्यपालिकाअन्तर्गत गठित विषयगत समितिले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा अनुगमन तथा सुपरीवेक्षण गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको विषयगत समितिले गरेको अनुगमनको प्रतिवेदन एकाइमा समेत पठाउनुपर्ने छ।

**८.विभागले अनुगमन गर्ने** : (१) गाउँसभाबाट स्वीकृत पदाधिकारी एवम् प्रशासनिक एकाइहरूको कार्य विवरणमा उल्लेख भएबमोजिम

नियमित रूपमा अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने दायित्व सम्बन्धित विभाग, सचिवालय, एकाइ, कार्यालय, आयोजना तथा कार्यक्रमको हुने छ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन तथा मूल्याङ्कनको मासिक प्रतिवेदन तयार गरी एकाइमा पठाउनुपर्ने छ ।

**९.अध्यक्षले अनुगमन गर्न सक्ने** : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश भएका योजनाहरूको कार्य सम्पादन स्तर, गुणस्तरीयता र प्रभावकारिता कायम गर्नका लागि अध्यक्षले जुनसुकै समयमा अनुगमन तथा सुपरीवेक्षण गर्नसक्ने छ ।

## परिच्छेद ३

## अनुगमनका क्षेत्र तथा प्रभाव मूल्याङ्कन

**१०.अनुगमनका क्षेत्रहरू** : गाउँपालिकाको विभिन्न तहबाट गरिने अनुगमन तथा मूल्याङ्कनका क्षेत्रहरू देहायबमोजिम हुने छ :

(क) गाउँपालिकाद्वारा सञ्चालित विकास तथा निर्माणकार्यको अनुगमन,

(ख) गाउँपालिका क्षेत्रभित्रका बजार अनुगमन,

(ग) गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाको अनुगमन,

(घ) गाउँपालिका क्षेत्रभित्रका राजस्व परिचालनसम्बन्धी अनुगमन,

(ङ) गाउँपालिका क्षेत्रभित्रका सामाजिक सङ्घसंस्थाको काम कारबाहीको अनुगमन,

(च)गाउँपालिका क्षेत्रभित्रका फोहरमैला व्यवस्थापनसम्बन्धी कार्यको अनुगमन,

(छ)महागाउँ क्षेत्रभित्र निर्माण भएका तथा निर्माण हुने भवनहरूको अनुगमन

(ज) गाउँपालिका क्षेत्रभित्रका विद्यालय, शैक्षिक संस्था तथा शैक्षिक व्यवस्थापनको अनुगमन,

(झ) गाउँपालिका क्षेत्रभित्रका सहकारी सङ्घसंस्थाको अनुगमन,

(ञ) गाउँपालिकाको भौगोलिक क्षेत्रबाहिर गाउँ-गाउँ साझेदारी, संयुक्त व्यवस्थापन र अनुदान सहयोगमा सञ्चालित आयोजना, परियोजना तथा कार्यक्रमको अनुगमन

(ट) गाउँपालिकाबाट स्वीकृत नीति, कानुन तथा निर्णयबाट सञ्चालित कार्यक्रमको अनुगमन,

(ठ) गाउँपालिकाको मार्गदर्शन तथा तोकिएको जिम्मेवारी कार्यान्वयनको अनुगमन,

(ड) गाउँपालिका सम्बद्ध कानुनले अनुगमन गर्ने भनी तोकिएका अन्य क्षेत्रको कामसम्बन्धी अनुगमन ।

**११.योजना तथा आयोजनाको प्रभाव मूल्याङ्कन** : गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन समिति र वडा स्तरीय अनुगमन समितिले सम्पन्न भएका आयोजना तथा परियोजनाहरूको समग्र तथा सङ्क्षिप्त प्रभाव मूल्याङ्कन गरी प्रतिवेदन पेस गर्नुपर्ने छ ।

## परिच्छेद ४

## योजना, अनुगमन तथा मूल्याङ्कन एकाइसम्बन्धी व्यवस्था

**१२.अनुगमन तथा मूल्याङ्कन एकाइ रहने** : (१) गाउँपालिकाबाट सञ्चालित योजना तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कामलाई एकीकृत रूपमा सञ्चालन गर्ने प्रशासनिक सचिवालयको रूपमा योजना, अनुगमन तथा मूल्याङ्कन एकाइले कार्य गर्ने छ।

(२) उपदफा (१) बमोजिमको एकाइले गाउँसभाबाट स्वीकृत कार्यविवरणका अतिरिक्त देहायका कार्यहरू समेत सम्पादन गर्नुपर्ने छ :-

(क) एकाइको तर्फबाट अनुगमन तथा मूल्याङ्कन कार्यका लागि गाउँपालिका अन्तर्गतका प्रशासनिक एकाइहरूसँग समन्वय तथा सहजीकरण गर्ने ।

(ख) अनुगमन तथा मूल्याङ्कन समितिबाट गर्नुपर्ने निर्णय तथा नीतिगत निर्णयका लागि समितिले पेस गर्नुपर्ने प्रस्ताव तयार गर्ने ।

(ग) विभिन्न विषयगत समिति, सम्बद्ध विभाग, सचिवालय, एकाइ तथा वडा कार्यालयबाट भएको अनुगमन तथा मूल्याङ्कनको मासिक विवरण प्राप्त गरी एकीकृत विवरण तयार गर्ने ।

(घ) योजना तथा परियोजना सञ्चालन तथा व्यवस्थापनको सम्बन्धमा निर्माणकर्ता र सरोकारवाला पहिचान गरी योजनाको सञ्चालनसम्बन्धी कानुनी व्यवस्था तथा प्रक्रियाको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने/गराउने

(ङ) गाउँपालिकाको समग्र अनुगमन तथा मूल्याङ्कनको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने ।

(च) अनुगमन तथा मूल्याङ्कन समितिले तोकेबमोजिमका अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्य गर्ने ।
(छ) गाउँपालिकामा रहेको अनुगमन तथा मूल्याङ्कन समिति र वडा स्तरीय अनुगमन समितिको लागि विज्ञहरूको रोस्टर तयार गर्ने ।
(ज) एकाइले गर्ने भनी तोकिएका अन्य कार्य गर्ने/गराउने ।

## परिच्छेद-५
## अनुगमन तथा मूल्याङ्कन विधि

**१३.अनुगमनलाई नियमित गर्नुपर्ने** : (१) गाउँपालिकाबाट सञ्चालित रु. दश लाखभन्दा बढी लागत भएको योजना तथा परियोजनाको सम्झौता भएपछि योजनाको आवश्यकताअनुसार अनुगमन गर्नुपर्ने छ ।
(२) उपदफा(१) बमोजिमको अनुगमन गर्दा नेपाल सरकार तथा प्रदेश सरकारका सम्बद्ध निकायहरूको प्रतिनिधिसमेतलाई सहभागी गराई अनुगमन गर्न सकिने छ ।
**१४.अनुगमन तथा मूल्याङ्कनको सूचक बनाउनुपर्ने** : गाउँपालिका क्षेत्रभित्र सञ्चालित विकास निर्माण, सेवा प्रवाह र नियमनसम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन विधिको लागि सम्बद्ध विभागसँग समन्वय गरी एकाइले सूचक बनाई कार्यान्वयनमा ल्याउने छ ।
**१५. तालिका पेस गर्ने** : (१) सार्वजनिक खरिद प्रक्रियामा भाग लिने व्यक्ति, फर्म, संस्था वा कम्पनीले सम्झौता भएको मितिले १५ दिनभित्रमा कार्यतालिका बनाई सम्बद्ध अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्रमा पेस गर्नुपर्ने छ ।
(२) उपदफा (१) बमोजिम पेस भएको तालिकालाई अध्ययन गरी आवश्यक देखिएमा परिमार्जन गर्न लगाई कार्यतालिकाबमोजिम कार्यसम्पादन भए/नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने दायित्व सम्बन्धित अनुगमन संयन्त्रको हुने छ।
(३) उपदफा (१) बमोजिम पेस भएको तालिकाबमोजिम कार्य नगर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीको सम्झौता रद्द गर्ने वा क्षतिपूर्ति बेहोर्नेतर्फ कारबाही गर्न अख्तियार प्राप्त अधिकारीसमक्ष लेखी पठाउन सक्ने छ ।
**१६ गुणस्तर परीक्षण** : (१) अनुगमन तथा मूल्याङ्कन समितिले
गाउँपालिकाद्वारा सञ्चालित योजना तथा परियोजना सञ्चालन गर्ने क्रममा परियोजनाको गुणस्तर कायम गर्न सके/नसकेको तथा योजना तथा परियोजनामा प्रयोग गरेका सामग्री वा सेवाका बारेमा आशङ्का उत्पन्न भएमा वा गुणस्तरका बारेमा कहीँ कतै विवाद उत्पन्न भएमा सम्बन्धित विषयको विज्ञ प्राविधिकबाट गुणस्तर परीक्षण गर्नु/गराउनुपर्ने छ ।
(२)उपदफा (१) बमोजिम गुणस्तर परीक्षणबाट प्राप्त भएको नतिजा वा प्रतिवेदन सरोकारवालाले माग गरेमा उपलब्ध गराउनुपर्ने छ ।
**१७. सार्वजनिक परीक्षण गर्नुपर्ने** : गाउँपालिकाबाट सञ्चालित रु. दश लाखभन्दा बढी लागत भएका योजना तथा कार्यक्रमहरूको सार्वजनिक परीक्षण गर्दा सम्बन्धित वडा अध्यक्षको रोहवरमा गर्नुपर्ने

छ ।

**१८. अनुगमनबापतको सुविधा** : (१) अनुगमन तथा मूल्याङ्कन संयन्त्रबाट अनुगमन तथा सुपरीवेक्षण गर्दा संयन्त्रका पदाधिकारी तथा कर्मचारीहरूले देहायबमोजिमको सुविधा प्राप्त गर्ने छन् : (क) कार्यालय समयमा स्थलगत अनुगमन तथा सुपरीवेक्षण गरेमा प्रतिदिन प्रतिव्यक्ति अनुगमन भत्ता रु. ५००/- ।

(ख) सार्वजनिक विदाको दिनमा वा कार्यालय समय वाहेकको समयमा स्थलगत अनुगमन तथा सुपरीवेक्षण गरेमा प्रतिदिन प्रतिव्यक्ति अनुगमन भत्ता रु. १०००/-। र सभव भएसम्म खाजा वा खाना ।

(ग) अन्य कार्यालय र निकायका प्रतिनिधि वा बाह्य विषय विज्ञसमेतको टोलीबाट अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने भएमा खण्ड (क) वा (ख) बमोजिमको अनुगमन भत्ताको अतिरिक्त परिवहन सुविधाबापत प्रतिदिन प्रतिव्यक्ति रु.१०००/- ।

(२) यस दफाअन्तर्गतको अनुगमन भत्ता तथा परिवहन सुविधा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको आधारमा उपलब्ध गराइने
छ ।

## परिच्छेद - ६
## विविध

**१९. मासिक / वार्षिक प्रतिवेदन** : (१) गाउँपालिकाको अनुगमन समिति तथा वडा स्तरीय अनुगमन समिति र विभिन्न विभाग, आयोजना, एकाइ, कार्यक्रमबाट गरिएका अनुगमन मूल्याङ्कनको मासिक रूपमा एकाइमा प्रतिवेदन पेस गर्नुपर्ने छ।
तथा

(२) अनुगमन तथा मूल्याङ्कन समितिले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र अनुगमन तथा मूल्याङ्कनको वार्षिक प्रतिवेदन तयार गरी अध्यक्ष मार्फत कार्यपालिकामा पेस गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिम पेस भएको प्रतिवेदनमा कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्ने छ । कार्यपालिकाले स्वीकृत गरेको प्रतिवेदन गाउँपालिकाको वेबसाइटमा अपलोड गरी सार्वजनिक गर्नुपर्ने छ ।

(४) अनुगमन तथा मूल्याङ्कन गर्ने क्रममा आवश्यकताअनुसार श्रव्यदृश्यसहितको प्रतिवेदन बनाउनुपर्ने छ।

**२०.कारबाही गर्न सक्ने** : (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका वा कार्यसम्पन्न भएका सबैखाले विषयगत तथा क्षेत्रगत योजनाको गुणस्तर मापदण्ड विपरीत रहेको पाइएमा उक्त निर्माण व्यवसायी वा उपभोक्ता समिति वा उक्त योजना/परियोजना सञ्चालन व्यवस्थापनको जिम्मेवारी प्राप्त गरेको व्यक्ति, समूह, फर्म, संस्था वा कम्पनीलाई सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुनी व्यवस्थाबमोजिम कारबाही हुने छ।

(२) उपदफा (१) बमोजिम सर्त विपरीत कार्य गर्ने व्यक्ति, समूह, फर्म, संस्था वा कम्पनीलाई निजबाट भएको क्षतिको मूल्याङ्कन गरी असुलउपर गर्नका लागि कार्यपालिकामा सिफारिस गर्नुपर्ने छ।

**२१.गाउँसभाबाट जारी भएको ऐनबमोजिम हुने** : बजार व्यवस्थापन अनुगमन सम्बन्धमा गाउँपालिकाको गाउँसभाबाट जारी भएको रुन्टीगढी गाउँपालिका बजार व्यवस्थापन तथा अनुगमन ऐन, मा उल्लेखित व्यवस्थाको हकमा सोहीबमोजिम हुने छ ।

**२२.कार्यविधि संशोधन** : यस कार्यविधिमा थपघट वा संशोधन गर्नुपर्ने भएमा कार्यपालिकाबाट हुने छ ।